नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ ।

फोन नं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

प.सं.:-२०७५/७६
च.नं.:- ३४२

गोकर्णेश्वर नगर कार्यपालिकाको कार्यालय
दर्ता नं. २८९६
दर्ता मिति: २०७५।१२।१३
दर्ता गर्नेको नाम, थर

मिति: २०७५/१२/११

विषयः विपद् सूचना व्यवस्थापन प्रणाली (DIMS) सम्बन्धी जानकारी सम्बन्धमा ।

श्री स्थानीय तहहरु,
(सबै)

नेपालमा विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यको मार्गमा एकिकृत तथा बृहत् सूचना व्यवस्थापन प्रणालीको आवश्यक्ता सदैव महशुस गरिएको विषय भएकोले गृह मन्त्रालयको नेतृत्वमा एकिकृत विपद् सूचना व्यवस्थापन प्रणाली (DIMS) को निर्माण भईरहेको छ । यसको प्रारम्भिक स्वरुप यही चैत्र मसान्त सम्ममा विकास भईसक्ने तथा सातैवटा प्रदेश सरकारहरु लगायत सबै स्थानीय तहहरुले समेत यस प्रणालीको प्रयोग गर्नु उपयूक्त हुने हुँदा यसले सबै तहका सरकारहरुको श्रोत, साधन र समयको दोहोरो खर्च हुन सक्ने अवस्थाको अन्त्य गरी विपद् सूचनामा सबै निकायहरु बिच सहकार्य बृद्धी गरी विपद् व्यवस्थापनका कार्यहरु छिटो, छरितो, चुस्त र प्रभावकारी बनाउन सहयोग पुग्ने विषय सबै स्थानीय तहहरुलाई जानकारी गराउन अनुरोध सहित गृह मन्त्रालयको मिति २०७५।१२।०७ च नं २७१ को पत्र प्राप्त हुँदा सम्बन्धित सबैको जानकारीको लागि पत्र प्रेषित गरिएको व्यहोरा निर्देशनानुसार अनुरोध छ । साथै उक्त पत्रको छायाँप्रति यसैसाथ संलग्न रहेको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

२०७५।१२।१२

(रीनु थपलिया)
शाखा अधिकृत

बोधार्थः
श्री जिल्ला समन्वय समिती (सबै, आवश्यक समन्वय तथा सहजिकरणका लागि।)
श्री गृह मन्त्राल (राष्ट्रिय आपतकालिन कार्यसञ्चालन केन्द्र,)
श्री सूचना तथा प्रविधि शाखाः यसै बमोजिमको पत्र बेभ साईटमा राखिदिन हुन ।

प्रा/नि/वि ६५ २१५

फोन नं. ०१-४२००२५८, ४२००२५९
४२००१०५, ४२००२०३
फ्याक्स नं. ०१-४२००१०३
Toll Free No :- 1149
Email :- neoc@moha.gov.np
website :- www.drrportal.gov.np
facebook :- fb.me/NEOCOfficial
twitter :- @NEOCOfficial
सिंहदरवार,
काठमाडौं, नेपाल ।

नेपाल सरकार

# गृह मन्त्रालय

विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा
(राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र)

पत्र संख्या:- ०७५।७६
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- २६१

दर्ता नं.:- ९५८६७
मिति:- ०८।२।१२

मिति २०७५।०२।०७

विषय: विपद् सूचना व्यवस्थापन प्रणाली (DIMS) को विकासको सम्बन्धमा ।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाण्डौ ।
~~श्री~~ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौ

प्रस्तुत विषयमा सूचनामा आधारित विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यका लागि Comprehensive र Integrated सूचना व्यवस्थापन प्रणालीको निर्माण भइरहेको जानकारी गराउँदछौं । यस प्रणालीको प्रयोगले सबै निकायहरु बीच विपद् सूचनामा सहकार्य हुने र विपद् व्यवस्थापनका कार्यहरु अझ छिटो, छरितो, चुस्त र प्रभावकारी बनाउन सहयोग पुग्नेछ ।

गृह मन्त्रालयको समन्वयमा सम्बन्धित मन्त्रालय, विभाग र निकायहरुसँग सघन छलफल र सहकार्य गरी यो प्रणाली विपद् व्यवस्थापनमा साझा Platform को रुपमा प्रयोग हुनेछ । यस प्रणालीको Replica सबै स्थानीय तहहरु र प्रदेश सरकारहरुबाट आन्तरिक सूचना व्यवस्थापन र वाह्य सूचना प्रवाहमा प्रयोग हुने हुदाँ विपद् व्यवस्थापन सम्बन्धी छुट्टै सूचना प्रणाली विकास वा प्रयोग गरिरहनु नपर्ने महसुस गरिएको छ । साथै सबै तहका सरकारहरुको साधन, स्रोत र समयको दोहोरो खर्च हुन सक्ने अवस्थाको अन्त्य हुनेछ ।

यस प्रणालीको प्रयोगले विपद् व्यवस्थापन अर्न्तगत पूर्व सूचना प्रणाली, जोखिमको नक्साङ्कन, खोज तथा उद्धार र आपत्कालीन वस्तुहरुको संचय, एकिकृत राहत तथा उद्धार कार्य संचालन तथा घटनाहरुको प्रविष्टि कार्यहरु सबै तहका सरकारहरुको सहभागीतामा समग्र र एकिकृतरुपमा सूचनाको आदान प्रदान गर्न सहज हुनेछ । साथै सूचना साझेदारी अर्न्तगत यस प्रणालीले विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय नीति र रणनीतिक कार्ययोजना तथा नेपालले प्रतिवद्धता जनाएका सेन्डाइ फ्रेमवर्क र दिगो विकास लक्ष्यहरुको प्रगति विवरण प्रतिवेदन तयार पार्न सहज हुनेछ ।

बृहत तथा एकिकृत अवधारणामा आधारित यस विपद् सूचना प्रणालीको निर्माण कार्य द्रुत गतिमा भइरहेको र प्रारम्भिक स्वरुप यही चैत्र मसान्तसम्म विकास हुनेछ । यस प्रणालीलाई प्रतिनिधिमूलक रुपमा स्थानीय तहहरु र प्रदेश सरकारहरु लगायत सबै सरोकारवालासँग छलफल गरी परिमार्जन सहित उपयोगमा ल्याइने छ । उपरोक्त कार्यको जानकारी प्रदेश सरकारहरु र स्थानीय तहहरुलाई गराई आवश्यक समन्वय हुन निर्णयानुसार अनुरोध छ ।

<u>बोधार्थ:</u>
श्री आन्तरिक तथा कानुन मन्त्रालय,
सबै प्रदेशहरु ।

(सुशील कुमार भण्डारी)
शाखा अधिकृत